कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

☎ ०८३-५२०२७६
फ्याक्स नं. ०८३-५२०१०८
email: edd@karnali.gov.np
website: edd.karnali.gov.np

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

मिति : २०८१/१०/०७

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय सुर्खेत

## आ.व. २०८१/८२ को छात्रवृत्ति सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा चालु आ.ब. २०८१/०८२ मा यस निर्देशनालयको वार्षिक बजेट तथा कार्यक्रम अनुसार सुर्खेत जिल्लाको लागि तपसिल बमोजिमका छात्रवृत्ति वितरणका लागि जिल्ला छात्रवृत्ति वितरण समितीको मिति २०८१/१०/०७ गतेको वैठकको निर्णय अनुसार २०८१/१०/०८ देखि ३० दिने म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय भएकोले प्राविधिक छोरीबुहारी, उच्चशिक्षा दलित र उच्चशिक्षा अपाङ्ग छात्रवृत्ति प्राप्त गर्न सुर्खेत जिल्लामा स्थायी बसोबास भई देशभरका मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत तथा उच्चशिक्षा सीमान्तकृत तथा लोपोन्मुख वर्ग छात्रवृत्ति प्राप्त गर्न कर्णाली प्रदेश स्थायी बसोबास भई देशभरका मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुले यस कार्यालयको वेव साइट edd.karnali.gov.np मा राखिएको छात्रवृत्ति आवेदन फाराम भरी तोकिएको मिति भित्र यस निर्देशनालयमा आवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र.स. | छात्रवृतिको नाम | छात्रवृत्ति प्रदान गरिने विषय / तह | कोटा जना | दर रकम | आवेदन फाराम साथ बुझाउनुपर्ने कागजात |
|---|---|---|---|---|---|
| १ | प्राविधिक छोरीबुहारी छात्रवृत्ति ७.२.३.२ | प्राविधिक विषय / प्रमाणपत्र तह वा सो सरह | २० | ५० हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>२. बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.इ.इ./एस.एल.सी. परीक्षा उत्तीर्ण प्रमाणपत्र,<br>५. नियमितरुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क बुझाएको तथा अन्य कुनै निकायबाट छात्रवृत्ति वा नि:शुल्क वृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिसपत्र<br>६. अपाङ्गको हकमा अपाङ्गता परिचयपत्र<br>७. सीमान्तकृत तथा लोपोन्मुखको हकमा स्थानीय तहको सिफारिसपत्र<br>८. बाबु आमा नभएको, एकल महिलाको हकमा मृत्यु दर्ता प्रमाणपत्र<br>९. दलित, द्वन्दपिडित एकल महिलाको हकमा |

दीपा हमाल
नि.

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र |
| २ | उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति ७.२.५.१७ | सबै विषय/ स्नातक वा स्नातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. सम्बन्धित निकायबाट जारी भएकोअपाङ्गता परिचयपत्र,<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र। |
| ३ | उच्चशिक्षा दलित छात्रवृत्ति ७.२.५.१६ | सबै विषय/ स्नातक वा स्नातकोत्तर | २० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको दलित प्रमाणित प्रमाणपत्र,<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र। |
| ४ | उच्च शिक्षा सीमान्तकृत तथा लोपोन्मुख वर्ग छात्रवृत्ति ७.२.५.१५ | सबै विषय/ स्नातक वा स्नातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. स्थानीय निकायको सीमान्तकृत तथा लोपोन्मुख वर्ग प्रमाणित प्रमाणपत्र,<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र। |

पुनश्चः

- छात्रवृत्ति वितरणका आधारहरु एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लेखित भए अनुसार हुनेछ,
- उच्च शिक्षा सीमान्तकृत तथा लोपोन्मुख वर्ग छात्रवृत्तिको हकमा सुर्खेत जिल्ला बाहेकका कर्णाली प्रदेशका अन्य जिल्लाहरुमा अध्ययनरत विद्यार्थीहरुले सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा फाराम वुझाउन सकिनेछ,

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सुर्खेत

दीपा हमाल
नि. निर्देशक

Scanned with CamScanner

- छात्रवृत्तिका लागि भर्नुपर्ने आवेदन फाराम, एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ तथा अन्य जानकारीको लागि यस निर्देशनालयको वेब साइट edd.karnali.gov.np मा हेर्नुहुन तथा यस सम्बन्धी थप जानकारीका लागि शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतमा वा फोन नं., ९८५८०२०२७६, ९८६८११९८७०, ९८४१४५४७४७, मा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ,
- आवेदक स्वयमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि अनिवार्य संलग्न राख्नुपर्नेछ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सुर्खेत

दीपा हमाल
नि. निर्देशक

Scanned with CamScanner

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

☎ ०८३-५२०२७६
०८३-५२०१०८
email: edd@karnali.gov.np
website: edd.karnali.gov.np

आ.व. २०८१/८२

मिति : २०८१/१०/०७

## उच्चशिक्षा प्राविधिक छात्रवृत्ति सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्देशनालयबाट आ.व. २०७८/७९ मा उच्चशिक्षा प्राविधिक छात्रवृत्तिको लागि छनौट भई हालसम्म उच्चशिक्षा प्राविधिक छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले शिक्षा विकास निर्देशनालयको आ.व. २०८१/८२ को स्वीकृत बजेट क्रियाकलाप नं. ७.२.६.१० तथा एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आ.व. २०८१/८२ को उच्चशिक्षा प्राविधिक छात्रवृत्ति प्राप्त गर्नका लागि छात्रवृत्ति पाऊँ भन्ने व्यहोराको निवेदन तथा अध्ययनरत संस्थाको हालसम्म नियमित अध्ययनरत रहेको भनी तपसिल अनुसारको विवरण अनिवार्य खुलाई प्रमाणित गरेको सिफारिस पत्र यस निर्देशनालयमा सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस निर्देशनालयमा बुझाउनुहुन अथवा निर्देशनालयको इमेल edd@karnali.gov.np मा पठाउनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

१. अध्ययनरत शिक्षालयले नियमित अध्ययनरत रहेको भनी सिफारिस प्रमाणित गर्दा अनिवार्य प्रष्ट हुनुपर्ने विषयहरु
   क. अध्ययनरत विषय वा कोर्सको नाम,
   ख. विद्यार्थीले उक्त शिक्षालयमा भर्ना गरेको मिति,
   ग. हाल नियमित अध्ययनरत रहेको वर्ष तथा सेमेस्टर,
   घ. विद्यार्थीले भर्ना लिएको विषयको नियमित अध्ययन पुरा हुने मिति,
   ङ. विद्यार्थीले भर्ना लिएको विषय वा कोर्ष पुरा गर्न लाग्ने जम्मा वर्ष र सेमेस्टर संख्या।

२. थप जानकारीको लागि: ९८६८११९८७०, ९८५८०२०२७६

दीपा हमाल
नि.निर्देशक

दीपा हमाल
नि. निर्देशक

CS Scanned with CamScanner